राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३४६ | २०८२ भाद्र १२ गते बिहिवार | (Thursday, 28 Aug, 2025) | पृष्ठ ४ | मुल्य रु. ५


### सुटकेसभित्र महिलाको शव प्रकरण

# हत्या स्वीकारेका आरोपीको मृत्यु, फाइल बन्द हुने जोखिम

**शैलेन्द्र महतो**

**जनकपुरधाम, भाद्र ११ गते ।**

रौतहटमा सुटकेसमा शव फेला परेदेखि सनसनी फैलिएको रुबी साहको हत्या प्रकरणको अनुसन्धान फाइल बन्द हुने अवस्थामा पुगेको छ । रुबीको हत्याका मुख्य आरोपी लक्ष्मण पासवानको मृत्यु भएसँगै सो घटना सम्बन्धी फाइल बन्द हुने अवस्थामा पुगेको हो ।

लक्ष्मणको बुधबार साँझ ६ बजे काठमाडौंको कीर्तिपुरस्थित वर्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको रौतहटका प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले बताए । चार दिनदेखि प्रहरीको तिव्र खोजीमा रहेका हत्या आरोपी पासवान बुधबार बिहान ७ बजेतिर रौतहटको माधवनारायण नगरपालिका-६ माधोपुरबाट पश्चिमतर्फको बगैंचा हुँदै बिसुनपुरवा-मानपुर जाने बाटोमा जलेर घाइते भएको अवस्थामा फेला परेका थिए ।

उनले आत्महत्या गर्न आफैंले जिउमा पेट्रोल छर्केर आगो लगाउँदा गम्भीर घाइते भएका थिए । प्रहरीले नियन्त्रणमा लिएर उपचारको लागि उनलाई गौर ल्याएको थियो । त्यहाँबाट थप उपचारको लागि काठमाडौंको किर्तिपुरस्थित वर्न अस्पताल पठाइएको थियो ।

मुख्य आरोपी पासवानकै मृत्यु भएकाले उनको हत्याको फाइल नै बिस्तारै बन्द हुने अवस्थामा जाने रौतहटका प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले बताए । 'अहिले घटना अनुसन्धानकै क्रममा छ। मुद्दा दर्ता त हुन्छ नै। हत्या घटनामा अन्यको संलग्नता बारे पनि अनुसन्धान गर्दैछौं । तर हत्यामा लक्ष्मण मात्रै संलग्न भएको पाइए






बिस्तारै फाइल क्लोज हुन्छ,' एसपी गिरीले भने ।

सुटकेसमा शव फाल्ने ई-रिक्सा चालक राजकुमार महरा पनि अहिले प्रहरी हिरासतमै छन् । उनीमाथि समेत प्रहरीले अनुसन्धान जारी राखेको छ । 'हत्या घटनामै रिक्सा चालक त दोषी देखिँदैन । हेरौं अनुसन्धानको क्रममा के हुन्छ,' रौतहटका प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले भने ।

हुन त हत्या आरोपी लक्ष्मण पासवानले नै आफ्नो जिउमा आगो लगाएर आत्महत्या गर्नुअघि भिडियो बनाउँदै आफूले नै रुबीको हत्या गरेको स्वीकारेका छन् । 'रुबीलाई मारेदेखि मेरो हात काँपिरहेको छ । मेरो जान मरिसकेकी छन् । म बाँचेर के गर्नु । पक्राउ परे जेल जानुपर्छ । १०/१५ वर्ष सजाय भोग्नुपर्छ । म पनि रुबी कहाँ नै जान्छु,' उनले भिडियोमा भनेका छन् ।

उनले रुबी र आफूबीच ६ कक्षादेखि नै प्रेम सम्बन्ध रहेको, दुईपटक विवाह समेत गरेको खुलाइसकेका छन् । तर आफू गरिब भएकै कारण रुबीको आमाले स्वीकार नगर्दा यो स्थिति आएको पनि उनले भिडियोमा भनेका छन् ।

माधव नारायण नगरपालिका- ६ माधवपुर माइत भएकी रुबीको भारतको बिहारस्थित मुजफ्फरपुरमा बिहे भएको थियो । लक्ष्मणको घर र रुबीको माइती घर एउटै गाउँमा हो । रुबी केही महिनादेखि गौरमा डेरा लिएर आफ्ना ४ वर्षीया छोरालाई पढाउँदै थिइन् ।

लक्ष्मणका पनि दुई छोरा छन् । वडा नम्बर ६ का वडाध्यक्ष रामनरेश यादवका अनुसार लक्ष्मण करिब ७ महिना अघि विदेशबाट फर्केका थिए । रुबीको शव राखेर फालेको

*- बाँकी पृष्ठ ३ मा*

## बारामा पनि हैजा पुष्टि

**गौशाला :** बारामा पनि एक जनामा हैजाको संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवका अनुसार कलैया अस्पतालमा उपचाररत एक जना झाडापखालका बिरामीमा बुधबार हैजा संक्रमण पुष्टि भएको हो ।

उनी कलैया कलैया नगरपालिका-१८ पचौराका करिब ५५ वर्षीय पुरुष हुन् ।

उनी हैजाको प्रकोप फैलिएको छिमेकी जिल्ला पर्साको वीरगञ्जमा काम गर्दै आइरहेका छन् । घरबाटै उनी काम गरेर आउजाउ गर्दै आइरहेका थिए ।

तर आइतबार अचानक झाडापखलाको समस्या देखिएपछि उनी उपचारका लागि कलैया अस्पतालमा भर्ना भएका थिए ।

यादवका अनुसार उनीमा हैजा संक्रमण पुष्टि भएसँगै उनको गाउँघरमा स्वास्थ्यकर्मी पठाएर सतर्कता बढाएको बताइएको छ ।





Rajib Auto Trade

Gaushala-5 , Mahottari, 044556186, 9804827836


### वीरगन्जमा महामारी

# घरमा पुगेर हैजा नियन्त्रण अभियान सञ्चालन गर्दै स्वास्थ्यकर्मी

**द पब्लिक टुडे समाचारदाता**

**गौशाला, भदौ ११ गते ।**

हाल वीरगञ्जमा देखिएको हैजा, झाडापखालाजस्ता सङ्क्रामक रोगहरूको जोखिमलाई मध्यनजर गर्दै वीरगञ्ज महानगरपालिकाले जनचेतनामूलक घरदैलो अभियानलाई अझ व्यापक बनाएको छ । यही क्रममा स्वास्थ्यकर्मीको टोली बुधबार मेयर राजेशमान सिंहको निवासमै पुगेको छ। टोलीले मेयर सिंह र उनको परिवारलाई प्रत्यक्ष रूपमा रोग नियन्त्रणका उपायबारे जानकारी दिँदै सुरक्षित खानेपानी, सरसफाइ र व्यक्तिगत स्वच्छतालाई प्राथमिकतामा राख्नुपर्ने सन्देश दिएका छन् ।

स्वास्थ्यकर्मीहरूले विशेष रूपमा खानेपानी उमालेर वा पियुष (क्लोरिन) प्रयोग गरेर मात्र सेवन गर्नुपर्ने, खाना ढाकेर राख्ने, फोहर खुला स्थानमा फ्याँक्ने काम नगर्ने, दिसा-पिसाब खुला ठाउँमा नगर्ने, साबुन पानीले हात धुने बानी बसाल्ने जस्ता सन्देशहरू घरमै गएर बुझाइरहेका छन् । टोलीले "स्वच्छता नै रोग नियन्त्रणको पहिलो औषधि हो" भन्ने कुरामा जोड दिएको छ । यसक्रममा मेयर सिंहले स्वास्थ्यकर्मीको टोलीलाई धन्यवाद दिँदै यो अभियानलाई अझ प्रभावकारी बनाउन महानगर प्रयत्नशील रहेको बताए । उनले भने,"हामी सबैले मिलेर यो सङ्कटलाई जित्नुपर्छ । महानगरले आवश्यक औषधि, पियुष, खानेपानी परीक्षण, सरसफाइ र जनचेतनाका कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । तर नागरिकको सक्रियता बिना यो अभियान सफल हुन सक्दैन । प्रत्येक घरपरिवार सचेत भएर लाग्न जरुरी छ ।"

महानगरले हाल प्रभावित क्षेत्रमा निःशुल्क पियुष वितरण, सार्वजनिक ट्याङ्की र ट्याङ्कर मार्फत आपूर्ति हुने पानीमा क्लोरिन मिसाएर मात्र वितरण गर्ने व्यवस्था, विद्यालय, मन्दिर, मस्जिद र भिडभाड हुने स्थानमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै, लामखुट्टे नियन्त्रणका लागि स्प्रे, नाला सफाइ, खुला ढल व्यवस्थापन र सरसफाइ अभियानलाई एकै पटक ३२ वटै वडामा सुरु गरिएको छ ।

स्वास्थ्य शाखा प्रमुख राजु साहका अनुसार हालसम्म धेरै परिवारमा टोली पुगिसकेको छ र अभियानलाई दैनिक रूपमा निरन्तरता दिइँदै छ । उनले भने,"हैजा र झाडापखालाको रोकथामका लागि औषधि मात्रै पर्याप्त हुँदैन, जनचेतना नै सबैभन्दा प्रभावकारी उपाय हो । त्यसैले हामी प्रत्येक घर पुगेर व्यवहारमै परिवर्तन ल्याउने प्रयास गर्दैछौं ।"

# अनलाइन सञ्चारमाध्यमको दर्ता-नवीकरण खोल्न सरकारलाई ७२ घण्टे अल्टिमेटम

**राजकरण महतो**

**काठमाडौं, भाद्र ११ गते ।**

महिना दिनदेखि ठप्प पारिएको अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम तत्काल खुलाउन नेपाल पत्रकार महासंघले सरकारलाई ७२ घण्टे अल्टिमेटम दिएको छ ।

महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको प्रतिनिधि मण्डलले बुधबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङसमक्ष ज्ञापनपत्र बुझाउँदै अल्टिमेटम दिएका हुन् । महासंघका महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा, अवरुद्ध दर्ता र नवीकरण कार्य सुरु नभए आन्दोलन चर्काउने अध्यक्ष शर्माले मन्त्री गुरुङलाई बुझाएको ज्ञापन पत्रमा उल्लेख छ ।



बुधबार सञ्चार मन्त्रालयमा पुगेर पत्रकार महासंघको टोलीले मन्त्रीलाई ज्ञापन पत्र बुझाएको थियो । सञ्चार तथा सूचना प्रधिवि मन्त्रालयका मन्त्री गुरुङ, मन्त्रालयकी सचिव राधिका अर्यालसँग पत्रकार महासंघको टोलीले आफ्ना मागहरूका बारेमा छलफल समेत गरेको थियो ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ अन्तर्गत छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन गरी अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण स्थानीय प्रशासनमा गर्ने व्यवस्था गरेको छ । यसले देशभर अनलाइन सञ्चारमाध्यको दर्ता-नवीकरण र सञ्चालनमा गम्भीर असर परेको महासंघका उपाध्यक्ष उमिदप्रसाद बागचनले बताए ।

कानुनमा संशोधनको सूचना २०८२ साउन १४ गते राजपत्रमा प्रकाशित गरिएको थियो। त्यसपछि सूचना तथा प्रशारण विभागले अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण सेवा बन्द गरेको थियो । नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार संघीय

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# किसानलाई प्रोत्साहित गरौं

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भदौको पहिलो सातासम्म मुलुकभर ९५ प्रतिशत धान रोपाइँ भएको जानकारी गराएको छ । जुन गत वर्षभन्दा ३.५ प्रतिशतले कम छ । वर्षा कम भएर सुख्खाक्षेत्र घोषित मधेसमा भने गत वर्षभन्दा ११ प्रतिशतले कम ८६.३५ प्रतिशत रोपाइँ भएको छ । अन्तिम मनसुनतिर वर्षा हुँदा यहाँ यतिसम्म रोपाइँ हुन सकेको हो । जसलाई भगवानकै कृपाको रुपमा लिइएको छ । तर बेलैमा रोपाइँ गर्न नसकी पछि छिप्पिएको बिउबेर्नाको रोपाइँले धान सप्रिन्छ नै भन्न सकिँदैन । राम्रो र अपेक्षित उत्पादन लिनका लागि तुकैमा मल,बिउ र सिंचाइ उपलब्ध हुनुपर्छ ।

तुकमा रोपाइँ नहुँदा धानको उत्पादन कम हुने चिन्तामा रहेका किसानलाई जति नै रोपाइँ गर्न सके त्यतिलाई नै पनि मलजल दिन पाइँदैन कि भन्ने आशंकाले झनै चिन्तित बनाएको छ । यस्तो आशंका जन्मनुको कारण के भने किसानलाई तुकमा न मल न बिउ न सिँचाइका लागि पानी उपलब्ध हुन्छ । मन्त्रालय अनुसार यस वर्ष कुल ४ लाख ९१ हजार मेट्रिक टन मल आयात भएको छ । यो अहिलेसम्मकै धेरै हो । तर, कृषकलाई सहज रूपमा मल आपूर्ति गर्न सकेको अवस्था भने छैन । देशको कुल जनसंख्याको करिब ६० देखि ६५ प्रतिशत  प्रत्यक्ष वा अप्रत्यक्ष रूपले निर्भर रहेको कृषिक्षेत्रले राष्ट्रिय उत्पादनमा २५ देखि २७ प्रतिशतको योगदान गर्दै आएको छ । तर कृषि उत्पादनमा वृद्धि ल्याउने युरिया, डीएपी, पोटासजस्ता मल बेलैमा उपलब्ध गराउन सकिएको छैन । मलको अभाव किसानको वर्षेनिको चिन्ता र पीडा हो । खेतबालीमा मल हाल्नै नपाएर पनि किसानले अपेक्षित उत्पादन लिन सकेका छैनन् ।

अपेक्षित उत्पादन नहुँदा किसान लगानी उठाउन नसक्नेसम्मको मारमा पर्छन् । ऋणग्रस्तताबाट मुक्ति पाउँदैनन् । घरव्यवहार चलाउन केही उपाय नदेखी उनी कृषिकर्मको विकल्प खोज्नतिर लाग्छन् । वैदेशिक रोजगारमा जानेहरुको संख्या र बाँझो जमिनको संख्यामा भइरहेको वृद्धिले यस कुराको पुष्टि गर्दछ । किसानलाई कृषिकर्मप्रति आकर्षण र रुचि कायम राख्न सक्ने हो भने पनि अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषिक्षेत्रबाट थप योगदान लिन सकिन्छ । त्यसका लागि किसानलाई कृषिकर्मका लागि चाहिने सेवासामग्री बेलैमा उपलब्ध गराउन सक्नुपर्छ । प्रोत्साहित किसानले नै उत्पादन बढाउन सक्ने कुराको हेक्का खासगरी तीनवटै तहका सरकारले राख्नु जरुरी छ ।

## राशिफल

मेष – माहोल रमाइलो रहनेछ ।
वृष – समयमा फाइदा उठाउन सकिनेछ ।
मिथुन – स्वास्थ्यमा अलि कमजोरी अनुभूति हुनेछ ।
कर्कट – उपलब्धि कम मात्र प्राप्त हुनेछ ।
सिंह – मिहिनेतबाट अरूले फाइदा उठाउनेछ ।
कन्या – विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
तुला – कामलाई पनि निकै मिहिनेत पर्नेछ ।
वृश्चिक – दाम्पत्य सुमधुर रहनेछ ।
धनु – व्यक्तित्वमा निखारता आउनेछ ।
मकर – अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ ।
कुम्भ – भौतिक साधन प्राप्तिको योग छ ।
मिन – नयाँ कामतर्फ आकर्षित भइनेछ ।

# प्रचण्डले किन दिइरहेछन् माओवादीबाट बिचौलिया लखेट्ने अभिव्यक्ति ?

■ सुदर्शन खतिवडा




नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आइतबार पार्टीका कतिपय नेताहरू दलाल पूँजीवाद, बिचौलिया र चन्दा प्रवृत्तिमा फसिरहेको आरोप लगाए ।

आइतबार पार्टी मुख्यालयमा आर्थिक उत्पादन विभागको बैठकमा प्रचण्डले भने, 'हाम्रो पार्टीका कतिपय नेताहरू शान्ति प्रक्रियामा आइसकेपछि समाजवादी बन्नुपर्नेमा बिचौलिया टाइपका, दलाल टाइपका बनेका कारण त्यस्तो प्रवृत्तिले पार्टीलाई कमजोर बनाइरहेको छ । अब पार्टीका हरेक सदस्यले सोच र शैली दुवैमा आमूल परिवर्तन गर्नैपर्छ ।'

उनले थप अगाडि बढेर भने, 'दलाल, नोकरशाही र बिचौलियासँग सम्बन्ध राख्नेहरूलाई माओवादी केन्द्रमा धेरै दिन स्थान छैन । त्यस्ता प्रवृत्ति लामो समय माओवादी पार्टीमा रहिरहन सक्दैन ।'

पूर्व उपराष्ट्रपति नन्दकिशोर पुन पासाङलाई पार्टी राजनीतिमा फर्काएपछि प्रचण्डले यही विभागको जिम्मेवारी दिएका छन् । उनैलाई छेउमा राखेर उनले 'दलाल, नोकरशाही र बिचौलियासँग सम्बन्ध राख्नेहरूलाई पार्टीमा बस्न नदिने' धम्की दिए पनि ती को हुन् भनेर खुलाएनन् ।

यद्यपि पछिल्ला विवादका शृंखला जोड्ने हो भने प्रचण्डको अभिव्यक्ति पार्टीका उपमहासचिव जनार्दन शर्मा प्रभाकर लक्षित हो भनेर निष्कर्ष निकाल्नु कुनै गल्ती हुँदैन । आजकल हरेक मञ्चमा दुई नेताहरू बीच घोचपेच चलिरहेकै हुन्छ ।

केही हप्ताअघि जनार्दन शर्माले प्रचण्ड सहितकै मञ्चबाट सोधे, 'सिकाउनु पर्‍यो नि त मलाई षड्यन्त्र गर्न ? तालिम दिनुपर्‍यो नि त मलाई षड्यन्त्र गर्न ? (ताली र जयजयकार) मुखमा रामराम बगलीमा छुरा गर्न सिकाउनु पर्‍यो नि त मलाई !'

उनले अगाडि थपे, 'कार्यकर्तालाई सोध्नु न मैले भनेको छु कहिल्यै ? प्रचण्डको कुरा कहीं नराम्रो सुन्नुभएको छ ? दाबी गरेर मलाई प्रमाणित गर्न कसैले सकेको छैन । म चुनौती दिन्छु अहिले पनि कसैले साबित गर्छ भने ...'

जवाफमा प्रचण्डले भने, 'कमरेड प्रभाकरले नि ममाथि अत्याचारका अत्याचार भनिराख्न जरूरी छैन । तपाईंले बहस गरेर राम्रै भयो ।'

उनले चेतावनीपूर्वक थपे, 'प्रचण्डको अगाडि पर्दा सबैले मिठा र राम्रा कुरा गर्ने, हाम्रो महान् नेतृत्व भन्ने, कोठाबाट निक्लेर गएपछि धारे हात लगाउने संख्या बढेको छ । मलाई त्यो थाहा हुन्थ्यो । को कोले के के गरिराख्या छन् थाहा नहुने भन्ने कुरा हुँदैन ।'

अर्को कार्यक्रममा प्रचण्डको सचिवालयबाटै जनार्दनले पार्टी फुटाउन खोज्यो भनेर प्रचार भइरहेको आरोप जनार्दनले लगाए । 'पार्टी फुटको प्रचार भयो भनेर मैले जहाँ भनिरहेको छु, त्यही ठाउँबाट त्यही वरिपरिबाट हेडक्वार्टरकै वरिपरिबाट भा'छ । सिधैं कुरा छ मेरो । उहाँको भूमिका कति छ/छैन त्यो उहाँले भन्नुहोला ।'

उनले प्रश्न गरे, 'तपाईंहरूले मलाई दलाल जस्तो देख्नुहुन्छ ? भन्नुस् । म दलाल जस्तो छु ? म यो पार्टी फुटाउने जस्तो देख्नुहुन्छ तपाईंले ?'

जवाफमा प्रचण्डले भने, 'मेरो सचिवालयमा बस्नेहरूले बढी प्रचार गरे भन्ने छ । त्यसको पनि अध्ययन गरौं । हामी अध्ययनको लागि अनुसन्धानको लागि तयार छौं ।'

उनले थपे, 'अहंकारतिर लाग्न चाहिं हुँदैन । म यस्तो छु, म त्यस्तो छु भन्न थालियो भने ...।'

आरोप-प्रत्यारोपको शृंखलाले यो हप्ता पनि निरन्तरता पायो ।

बुधबार प्रचण्डले देशको राजनीतिको खाँबो आफूले छाडे गल्र्यामगुर्लुम भत्किहाल्छ कि जस्तो लाग्ने गरेको बताए ।

'हुनत म अहिले सरकारको नेतृत्वमा पनि छैन, प्रमुख प्रतिपक्ष दलको नेता छु' उनले भने, 'तर यस्तो लाग्छ- देशको राजनीतिको खाँबो मैले छोडिदिएँ भने भत्किहाल्छ कि जस्तो पनि लाग्छ । गल्र्यामगुर्लुम ढल्ने हो कि जस्तो लाग्छ र पूरै जिम्मा मेरै काँधमा भए जस्तो ।'

विरोधी पार्टीका नेताहरूबाट प्रचण्ड अभिव्यक्तिको आलोचना हुनुअगावै शनिबार जनार्दनले सार्वजनिक मञ्चबाटै प्रचण्डलाई जवाफ दिए- 'शेषनागले पृथ्वी बोक्ने कुरा दन्त्य कथा भइसक्यो !' 'शेषनागले कहीं पृथ्वी बोकेको पनि छैन । शेषनागले पृथ्वी बोकेको पनि हुँदैन । त्यो त दन्त्य कथा हो । शेषनागले पृथ्वी बोकेको छ, त्यसले यसो हल्लाइदियो भने भूकम्प आउँछ भन्ने त दन्त्यकथा हो' शर्माले भनेका छन्, 'आज त विज्ञानले अर्कै पुष्टि गरिसक्यो । त्यसकारणले यो पृथ्वी चल्छ, केही ढल्दैन ।'

**अघि बढेका जनार्दन**

साउनको तेस्रो हप्ता चलेको माओवादीको स्थायी समितिको बैठकमा जनार्दनले पार्टी पुनर्गठन, नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको कुरा उठाए । उनलाई आत्मालोचित हुन पार्टी अध्यक्ष प्रचण्डले नै निर्देशन दिएका छन् । तर जनार्दनको जवाफ छ, 'जसले गल्ती गरेको छ उसले आत्मालोचना गर्छ ।'

पार्टीभित्र अराजकता मच्चाएको आरोप लागेका जनार्दनले भने, 'म आलोचित हुन तयार छु । पार्टी पुनर्गठित, नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको कुरा उठाएबापत म जे कारबाही भोग्नुपर्छ तयार छु ।'

यतिमै नरोकिएका उनले प्रश्न गरे- 'तर, ३१ लाख भोटबाट ११ लाख भोटमा पार्टीलाई सीमित गर्ने नेतृत्व आलोचित हुनुपर्छ कि पर्दैन ?'

झन्डै चार दशकदेखि पार्टी सत्ताको नेतृत्व गर्दै आएका प्रचण्डले भने माओवादीलाई कमजोर बनाउन प्रतिक्रियावादीहरूले अनेक षड्यन्त्र र जालझेल गरिरहेको आरोप लगाए । सधैं झैं प्रचण्डले भयको खेतीपाती गर्दै भने, 'प्रतिक्रियावादीहरू माओवादी फुटाउन ज्यान फालेर लागेका छन् । पार्टीलाई एकताबद्ध गर्न नसके प्रतिक्रियावादीले प्राप्त उपलब्धिलाई समेत उल्ट्याउने खतरा छ ।'

खुल्लमखुला घोचपेच र आरोप-प्रत्यारोप अद्यापि जारी छ । न जनार्दनले आत्मालोचना गरे, न माओवादी संस्थापनले उनलाई कारबाही गर्न सक्यो ।

जनार्दनले कोशी, कर्णाली र सुदूरपश्चिमको आफूपक्षीय भेला सकिसकेका छन् भने ललितपुरको बखुण्डोलमा रहेको सम्पर्क कार्यालयबाट आफ्नो समूहको गतिविधि बढाइरहेका छन् । प्रचण्ड-भयलाई चिरेर आक्रामक रूपमा गुटगत गतिविधि बढाइरहेको जनार्दन समूहले विद्यार्थी संगठन लगायत केही जनवर्गीय संगठनमा देखाएको नतिजाले संस्थापन झस्किएको अनुमान गर्न सकिन्छ ।

**संस्कृति नै बनेको कम्युनिष्ट अभ्यास**

कांग्रेसलाई कम्युनिष्टहरूले भारतीय दलाल भन्ने र कांग्रेसभित्रै पनि संस्थापनले प्रश्न उठाउनेलाई भारतीय दलाल र राजाको एजेन्ट भन्ने अभ्यास नयाँ नभएको माओवादी केन्द्रका नेता राम कार्की बताउँछन् ।

'कम्युनिष्ट आन्दोलनमा करिब-करिब संस्कृति नै बनेको एउटा खराब प्रवृत्ति अलिकति मतभेद हुनासाथ आफ्नो विरोधमा उभिनेहरूलाई सीआईडी, विदेशबाट सञ्चालित एजेन्ट, दरबारिया आदि भन्ने आरोप लगाउने चलन रहेको छ' उनले भने, 'त्यसलाई प्रमाणित पनि गर्न नपर्ने, कहिलेकाहीं एकदम अप्ठ्यारो पर्‍यो भने त्यसलाई फिर्ता लिने तर त्यतिबेलासम्म आरोप लाग्नेको चरित्रहत्या भइसकेको हुन्छ ।'

उनले थपे, 'खुकरीले हान्ने, तर चोट लागिसकेपछि सरी भनेर के गर्नु ? चोट लागिसकेको हुन्छ !'

वैचारिक रूपमा असहाय हुँदा त्यसको प्रतिरोध गर्नुको सट्टा हल्काफुल्का आरोप लगाउने पुरानै अभ्यासलाई पार्टीहरूभित्र देखिएको कचिङ्गलले थप बाहिर ल्याएको नेता कार्की बताउँछन् ।

'नेपालका सबै पार्टीहरूमा कचिङ्गल देखिएको र यसरी पार्टीभित्रको अन्तरविरोध बाहिर आएको हो । तर त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने उपाय कसैसँग छैन । त्यसैले सनातनी कुरा गरेर बसिरहेका छन्', उनले भने । नेता कार्की प्रश्न गर्नेलाई रकमी र मर्यादाहीन खालका आरोप लगाउने अभ्यास कम्युनिष्टहरूको संस्कृति नै बनिसकेको बताउँछन् ।

पुष्पलालबाट अलग भएपछि मोदनाथ प्रश्रित, मदन भण्डारी लगायत रहेको मुक्ति मोर्चा समूहले पनि अत्यन्त मर्यादाहीन खालका आरोप लगाएको उनले बताए ।

कम्युनिष्ट आन्दोलनका सिद्धान्तकार मोहनविक्रम सिंहले पनि निर्मल लामा, पुष्पलाल श्रेष्ठ र झापा संघर्षसँग जोडिएकालाई 'गद्दारदेखि सीआईएको एजेन्टसम्म हुनसक्ने कुरालाई अस्वीकार गर्न सकिंदैन' जस्ता अभिव्यक्ति दिएको विगत कार्की स्मरण गर्छन् ।

**युद्धकालमा पनि उस्तै**

माओवादी युद्धकालमा पनि विदेशीको एजेन्ट र अझ भारतपरस्तको आरोप लगाउने प्रचलन रहेको एक माओवादी नेता बताउँछन् । पार्टीभित्र प्रश्न उठाउने रामबहादुर थापा बादललाई 'लिनप्याओवादी' भनिएको प्रसंग माओवादीका दस्तावेजहरूमा उल्लेख छन् ।

'पछि रणनीतिक प्रत्याक्रमण भनिने चरणमा माओवादीका केही नेताहरू भारतमा पक्राउ परे' ती नेताले भने, 'त्यतिबेला पक्राउ पर्नेहरू सबै प्रचण्ड पक्षका मात्र परेको भन्दै डा. बाबुराम भट्टराई समूहका नेताहरू देवेन्द्र पौडेल लगायतलाई रअसँग मिलेर पक्राउ गराएको आरोप लगाइयो ।'

यस्ता आरोपहरूलाई खुल्लमखुला पार्टी नेतृत्वकै योजना र आडमा पार्टीपंक्तिभित्र सकेजति प्रचार गर्ने र प्रशिक्षण नै सञ्चालन गर्ने अभ्यास गरिएको उनी सम्झिन्छन् । खासमा त्यतिबेला तत्कालीन राजासँग मिलेर लोकतन्त्रका लागि लडिरहेका दलहरूलाई तह लगाउने कि दलहरूसँग मिलेर

– बाँकी पृष्ठ ३ मा

# अफ्रिकामा ८२ हजार भन्दा बढी मानिस बेपत्ता

**नैरोबी, भाद्र ११ गते ।** अन्तर्राष्ट्रिय रेडक्रस समिति (आईसीआरसी) ले सशस्त्र द्वन्द्व र हिंसाका कारण अफ्रिकामा अहिले ८२ हजारभन्दा बढी व्यक्ति वेपत्ताको सूचीमा रहेको जनाएको छ । केन्याको राजधानी नैरोबीबाट जारी विज्ञप्तिमा आईसीआरसीका अफ्रिका क्षेत्रीय निर्देशक प्याट्रिक युसुफले भने, "यो आँकडा बेपत्ता भएकाहरूको एउटा सानो अंशमात्र हो ।" आईसीआरसी र यसको अन्तर्राष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट आन्दोलनका साझेदारहरूले सन् २०२४ मा उक्त महादेशमा ७५५ पारिवारिक पुनर्मिलनको सुविधा प्रदान गरेका र पाँच हजार ८३ परिवारहरूलाई प्रियजनहरू कहाँ छन् भन्ने निश्चित समाचार प्रदान गरेका विज्ञप्तिमा उल्लेख छ ।

तर यी सकारात्मक नतिजाका बावजुद आईसीआरसीले अफ्रिकामा हराएका व्यक्तिहरूको संख्या बढ्दै गएको बताएको छ । परोपकारी संस्थाका अनुसार सुडानमा भएको द्वन्द्व यो वृद्धिको प्रमुख कारण हो र द्वन्द्वका क्रममा हराएका व्यक्ति पत्ता लगाउन सात हजार ७०० भन्दा बढी अनुरोध गरिएको छ ।

आइसिआरसीले भनेको छ, "छिमेकी चाड र दक्षिण सुडानबाट आउने अनुरोधहरूको बढ्दो संख्याका कारण यो आँकडा सन् २०२३ को तुलनामा ५२ प्रतिशतले वृद्धि भएको छ । अफ्रिकी देशहरूमा सुडानबाट भागेर आएका मानिसहरूको संख्या बढ्दै गएको छ ।" आईसीआरसीले अफ्रिकामा बेपत्ता हुने घटनाको दृश्यता र यस क्षेत्रमा हराएका व्यक्तिहरूको मुद्दालाई रोक्न र प्रतिक्रिया दिन थप अन्तर्राष्ट्रिय प्रयासहरूको लागि आह्वान गरेको छ । रासस/एएफपी

# सुटकेसभित्र महिलाको शव प्रकरण...

सुटकेस उनले विदेशबाटै ल्याएका थिए । उनी जगरनाथ पासवानका एक मात्र छोरा थिए । गौरमा डेरा लिएर लक्ष्मण बसिरहेको कुरा घटनापछि मात्र खुलेको उनको भनाइ छ ।

उनका अनुसार केही लेनदेनको कारण रुबीको माइतको परिवार केही वर्षदेखि गाउँमा बसिरहेका छैनन् । उनको घर भएको घडेरीबाहेक केही छैन ।

**यसरी भएको थियो रुबीको हत्या**

गत शनिबार राति १० बजेतिर गौर-सिरसिया सडकखण्ड अन्तर्गत गौर नगरपालिका-९ मुडवालगेटस्थित सडकमा बेवारिसे अवस्थामा सुटकेस फेला परेको थियो । भित्र महिलाको शव भएको आशंकासहित रातभर रुँगेर प्रहरीले आइतबार बिहान खोलेको थियो । जसमा घाँटीमा डोरी र सल बेरेको अवस्थामा शव थियो ।

केहीबेरपछि सो शव रुबीको रहेको माइती पक्षले पुष्टि गरेका थिए । डीएसपी कार्कीका अनुसार रुबीको परिवारले लक्ष्मण पासवान समेत यस घटनामा संलग्न हुन सक्ने आशंकासहित प्रहरीमा विगतको घटनाक्रमको जानकारी दिएका थिए ।

लक्ष्मण १४ वर्षअघि रुबीलाई अपहरण गरेर भारतमा लुकाएको आरोपमा पक्राउ परेका थिए । १४ वर्षकै उमेरमा रुबीलाई अपहरण गरेको भन्दै परिवारले दिएको अपहरण तथा शारीरिक बन्धक, मानव बेचबिखनमा मुद्दामा उनी १७ दिन हिरासत बसेर छुटेका थिए ।

उनको विगतले प्रहरीलाई अनुसन्धानमा सहज पुगेको र फाल्ने ई-रिक्सा चालक राजकुमार महरा पक्राउ परेपछि हत्यारा पत्ता लगाउन थप सहज भएको डीएसपी कार्कीले बताए ।

रिक्सा चालक महराले आफूलाई पाँचसय रुपैयाँ दिएर लक्ष्मण पासवानले शव फाल्न लगाएको बयान र ठाउँको बारेमा भनेपछि हत्या भएको घर प्रहरीले पत्ता लगाएको थियो ।

गौर गरपालिका-५ बालमन्दिर पछाडि पासवानले डेरा लिएर बसेको कोठामा रुबीको हत्या भएको पुष्टि भएको थियो । त्यहाँबाट प्रहरीले रुबीको चप्पल लगायतका सामग्रीहरू पनि बरामद गरेको थियो । लक्ष्मण बेपत्ता भएकाले प्रहरीले खोजी कार्य तीव्र बनाएको थियो ।

पासवानले शव व्यवस्थापनको लागि गौरको कबिर चोकबाट राजकुमार महराको ई-रिक्सा बुक गरेर ल्याएका थिए । उक्त ई-रिक्सामा शवसहितको सुटकेस बोकेर पासवान बरहवा पुल पारी पुगेका थिए ।

पुल पारी पुगेपछि ई-रिक्साको पाङ्गा बिग्रिएपछि चालक महराले अर्को ई-रिक्सा बोलाउने प्रयास गरेका थिए । तर अर्को रिक्साले नमानेपछि सुटकेस लिएर पैदल नै अघि बढेको जानकारी रिक्सा चालक महराले प्रहरीलाई बयान दिएका छन् ।

शनिबार अपरान्ह ४ बजेतिर रुबी गौर बजार पुगेकी थिइन् । त्यहाँ उनी ब्युटी पार्लरबाट निस्केपछि साँझ करिब ६ बजेतिर आमा मिथिलादेवी साहलाई फोन गरेर बजारबाट केही सामान ल्याउनु पर्छ ? भनेर सोधेकी थिइन् । त्यसपछि उनी बेपत्ता हुँदा घरपरिवारले खोजी सुरु गरेका थिए ।

लक्ष्मणले ब्युटी पार्लरबाट फर्केपछि रुबीलाई आफ्नो कोठामा बोलाएको र एक अर्काबीच बाँच्न नसक्ने भएकाले एक अर्कालाई मार्न भनेको लक्ष्मणले भिडियोमा भनेका छन् । त्यसपछि घाँटी कसेर हत्या गरी शव सुटकेसमा प्याक गरेर फाल्न लगाएको समेत उनको भिडियो बयानमा छ । लक्ष्मणले आफ्नो छातीमा रुबीको तस्वीर र हातमा रुबीको नामसहितको ट्याटु समेत बनाएका थिए ।

# हैजा तथा तथा झाडापखाला...

नियन्त्रण महाशाखामार्फत ३०० प्याकेट जीवनजल सम्भावित हैजा नियन्त्रणका लागि उपचार गरिरहेका अस्पतालहरूलाई हस्तान्तरण गरिएको जनाइएको छ । सम्भावित हैजा नियन्त्रणका लागि तीनै तहका सरकारी निकाय तथा सम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय गर्दै सहयोग पुऱ्याइरहेको पनि आइएफआरसीले जनाएको छ । वीरगञ्जमा देखापरेको हैजाका बिरामी बढ्दो रूपमा रहेको हुनाले सुख्खा सङ्कट प्रभावित जिल्लामा आपत्कालीन खानेपानी तथा सरसफाइका लागि आइएफआरसीको सो आपत्कालीन विपद् कोषको सहयोग परिचालन गरी विगत एक महिनादेखि संचालित खडेरीसम्बन्धी प्रतिकार्यका गतिविधिहरूमा पनि हात धुने अभ्याससहित साबुन वितरण, आपत्कालीन शौचालय निर्माण र सरसफाइ तथा स्वच्छताका गतिविधिहरू स्थानीय सरकार एवं सरोकारवालाहरूसँगको समन्वयमा तदारुकताका साथ जारी रहेको बताइएको छ । रासस

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिह( न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# अनलाइन सञ्चारमाध्यमको दर्ता-नवीकरण...

सरकारअन्तर्गत दर्ता भएका ४ हजार ५ सयभन्दा बढी अनलाइन सञ्चार माध्यमहरू नवीकरण नभएका कारण चाडपर्वको मुखमा विज्ञापनसम्बन्धी कारोबारमा असहजता सिर्जना भएको छ ।

उनले भने, 'श्रमजीवी पत्रकारहरूले प्रेस प्रतिनिधि प्रमाण पत्र प्राप्त गर्न सकेका छैनन् । जसका कारण दैनिक समाचार संकलनमा समेत प्रभाव परेको छ । अर्कोतर्फ सञ्चार माध्यमको दर्ता रोकिँदा नागरिकको संवैधानिक हकसमेत अवरुद्ध हुन पुगेको छ ।'

नयाँ कानुनी व्यवस्थाका कारण अनलाइन सञ्चारमाध्यमहरू दर्ता, नवीकरण, सञ्चालनका साथै पत्रकारिता गर्न समेत समस्या भइरहेको पत्रकार महासंघअन्तर्गतको डिजिटल मिडिया विभागमा संयोजक तथा सचिव प्रकाश धौलाकोटीले बताए ।

अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण तथा प्रेस प्रतिनिधि प्रमाण पत्र वितरणका सन्दर्भमा ७२ घण्टाभित्र पूर्ववत् व्यवस्था गरी सेवा सुचारु गर्ने आवश्यक प्रबन्ध मिलाउन मन्त्रीसँग आग्रह गरिएको महासंघका महासचिव रामप्रसाद दाहालले बताए ।

उनले भने, 'अनलाइन सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, लोककल्याणकारी विज्ञापन र वर्गीकरणका सम्बन्धमा समेत दीर्घकालीन सहज व्यवस्था मिलाउन पत्रकार महासंघ माग गर्दछ । अन्यथा नेपाल पत्रकार महासंघ आन्दोलित हुन्छ ।'

मन्त्री गुरुङले कानुन बनिसकेकाले तुरुन्त संशोधन गर्न नसिकने बताए।

उनले भने, 'पत्रकार महासंघको उठाएको विषयमा हामी गम्भीर छौं । तर, ७२ घण्टाभित्र केही गर्न सक्ने अवस्था छैन । ऐनमा उचित लागेमा मात्रै स्थानीय प्रशासनले अनलाइनको दर्ता र नीवकरण गर्नसक्ने प्रवधान छ । प्रशासनलाई स्वविवेकी अधिकार दिने कुरा गलत हो । नियामावली बनाउँदा 'उचित लागेमा' भन्ने हटाउँछौं ।'

स्थानीय प्रशासनमै अनलाइन दर्ता र नवीकरण गर्न कानुन बनिसकेकाले त्यसलाई सबैले मान्नुको विकल्प नरेको मन्त्रालयकी सचिव अर्यालले बताइन् । त्यसका लागि नियमावली बनाउने काम अगाडि बढाइएको उनले बताइन् ।

उनले भनिन्, 'जसरी स्थानीय प्रशासनमा पत्रपत्रिका दर्ता भइरहेको छ । त्यही प्रवधान अनलाइनको सवालमा पनि नयाँ कानुनमा ल्याइएको छ । त्यस कारणले अनलाइनको दर्ता, नवीकरणको सवाल जिल्ला प्रशासन कार्यालय पुगेको हो । तर, नियमावली नबनेका कारण तत्काल यो काम स्थानीय प्रशासनमा पनि नहुने भयो ।'

सचिव अर्यालले नियामावली बनाएर सहमतिका लागि अर्थ मन्त्रालय पठाएको बताइन् । उनले भनिन्, 'त्यहाँबाट सहमति आएपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइने छ । उत्यहाँबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि मन्त्री परिषद्मा पठाइने छ । द्रुत गतिमा काम गर्दा पनि १५ दिन लाग्छ ।'

# प्रचण्डले किन दिइरहेछन्...

राजतन्त्र विरुद्ध लड्ने भन्ने बहस मूल थियो । शुरुमा भारतपरस्त र दरबारपरस्त भन्दै माओवादी पंक्ति नै दुई कित्तामा विभाजित भयो । 'अन्ततः लोकतान्त्रिक गणतन्त्रको पक्षमा पार्टी उभियो र १२ बुँदे समझदारी हुँदै संविधानसभाको निर्वाचनमा देश गयो', उनले भने । युद्धकालमा जस्तै अहिले पनि बिचौलियाले खेलेको, दलाल पूँजीवादीसँग उठबस रहेको, प्रतिक्रियावादी र विदेशी शक्तिको आडमा उचालिएको जस्ता आरोप लगाउने अभ्यासले निरन्तरता पाएको छ । मूल विषयलाई विषयान्तर गर्ने अथवा ओझेल पार्ने, प्रश्न गर्ने र फरक मत राख्नेलाई कुनै सिद्धान्तको जामा लगाएर हमला गर्नुका साथै अन्ततः पार्टीबाट निकाल्ने अभ्यास कम्युनिष्ट पार्टीमा पहिलेदेखि चल्दै आएको उदाहरण प्रशस्तै छन् ।

संक्रमणकालीन न्याय सम्बन्धी काममा तीनवटै शीर्ष नेता केपी ओली, शेरबहादुर देउवा र प्रचण्डसँग नियमित अन्तरक्रिया गरिरहेका एक नेता भन्छन्, '७० कटेका हाम्रा शीर्ष नेतामा आलोचना होइन चाकरी खोज्ने प्रवृत्ति देखिन्छ ।'

**प्रचण्ड नेतृत्व विरुद्ध चुनौती**

एकै व्यक्ति कहिलेसम्म नेतृत्वमा रहिरहने ? पार्टीभित्र सबै शक्ति एकै व्यक्तिमा केन्द्रीकरण गर्दा कसरी नेतृत्व तानाशाहमा बदलिन्छ ? जस्ता प्रश्न युद्धकै बेला पनि उठेकै थियो । त्यहीबेला २१औं शताब्दीको जनवाद नामक दस्तावेजमा पार्टी, सत्ता र सेनाको नेतृत्व एकै व्यक्तिले गर्न नहुने र तीन निकायमा नेतृत्व अदलीबदली गर्नुपर्ने सहमति भएको थियो ।

त्यहीबेला डा. बाबुराम भट्टराईले सत्ता (जनसरकार) को नेतृत्व गर्दा प्रचण्डले पार्टी र सेनाको नेतृत्व गरेका थिए । माओवादीको चर्चित धोबीघाट गठबन्धनले पनि प्रचण्डको नेतृत्वलाई चुनौती दिएको थियो । प्रचण्डविरुद्ध बाँकी शीर्ष नेता एकजुट हुँदा सत्ताको नेतृत्व छोड्न प्रचण्ड तयार भएसँगै बाबुराम प्रधानमन्त्री बनेका थिए । बाबुरामले नयाँ शक्ति बनाउनुअघि पनि नेतृत्व हस्तान्तरण बारे चर्चा चलेका थिए । माओवादी स्रोतका अनुसार, अन्तिम समयमा प्रचण्डले बाबुरामलाई बोलाएर भने, 'पार्टी सत्ता (नेतृत्व) हस्तान्तरण गर्न साथीहरूले मान्नुभएन । तपाईंलाई मान्ने देखिएन । हामी आ-आफ्नो बाटो लागौं ।' यही शृंखलालाई जोड्दै माओवादीका शीर्ष नेताहरू छिन्नभिन्न भइसकेपछि लामो समयपछि जनार्दनले प्रचण्डमाथि खुल्लमखुला नेतृत्व छाड्न चुनौती दिइरहेका छन् ।

**पार्टीभित्र प्रतिस्पर्धी देखिनसक्ने अभ्यास**

राजनीतिक विश्लेषक कृष्ण पोखरेल पछिल्लो समय राजनीतिक पार्टीहरूभित्र आन्तरिक प्रतिस्पर्धा कमजोर भएको उल्लेख गर्दै कुनै पनि पार्टीभित्र आफ्नो प्रतिस्पर्धीलाई नसहने अवस्था देखिएको टिप्पणी गर्छन् । 'उहाँ (प्रचण्ड) लाई पनि जनार्दनले मसँग प्रतिस्पर्धा गर्न खोजे भन्ने लागेको होला । त्यसैले उहाँले त्यस किसिमको अभिव्यक्ति दिएका हुनसक्छन्' उनले भने ।

पार्टीभित्र 'बिचौलिया, दलाल पूँजीपति र प्रतिक्रियावादीका एजेन्टहरू' हुर्किएको कुराको जिम्मा प्रचण्डले पनि लिनुपर्ने उनको तर्क छ ।

'पार्टी सुप्रिमो भएपछि त त्यहाँ भएका नराम्रा, राम्रा कुराहरूको पनि केही न केही जिम्मेवारी त नेतृत्व पंक्तिको पहिलो मान्छेलाई नआउने कुरै हुँदैन', उनले भने । यति गम्भीर आरोप लगाएपछि पार्टीमा सबै अधिकार लिएर बसेका प्रचण्डले कारबाही गर्नुको सट्टा धम्की दिएर बस्नु तर्साउने मात्र रणनीति भएको विश्लेषक पोखरेल बताउँछन् ।

'त्यस्तो छ भने समयमै त्यसलाई पहिचान गरेर सुधार्नु पऱ्यो, होइन भने पार्टीबाट निकालेर कारबाही गर्नुपऱ्यो, तर्साउने भनेको एक खालको साम-दाम-दण्ड-भेदका नीति नेताहरू अपनाउँछन्, प्रचण्डले अपनाएको पनि त्यस्तै होला', उनले भने ।

अर्का राजनीतिक विश्लेषक डा. सञ्जिव हुमागाईं प्रचण्डको अभिव्यक्तिलाई दुई फरक आयामबाट हेर्नुपर्ने बताउँछन् । 'माओवादीका कतिपय नेताहरू शान्ति प्रक्रियामा आइसकेपछि समाजवादी बन्नुपर्नेमा बिचौलिया र दलाल टाइपका बने भन्ने अभिव्यक्ति भित्र अहिलेको माओवादी संगठन र चरित्रमा नै समस्या छ भन्ने स्वीकारोक्ति लुकेको छ' उनले प्रश्न गरे, 'यसको जिम्मेवारी अरू नेता कार्यकर्ताले मात्रै लिएर पुग्छ ?'

उनी थप्छन्, 'प्रचण्ड मात्रै होइन सबै शीर्षस्थ नेताहरूले आफ्नै पार्टी पंक्तिलाई विभाजित गर्ने अभिव्यक्ति दिन तत्काल छोड्नुपर्छ । पटक-पटक प्रधानमन्त्री भएको, झन्डै दुई दशकदेखि सदनमा बसेका नेताले कुनै निश्चित पात्र वा समूहलाई अपराधी करार गर्ने र आफूलाई पानीमाथिको ओभानु बनाउने राजनीतिक संस्कारलाई हामीले निरुत्साहित गर्नुपर्दछ ।'

राजनीतिशास्त्रका प्राध्यापक समेत रहेका हुमागाईं माओले राष्ट्रिय पूँजीपतिहरूलाई पनि सँगसँगै लगेर राष्ट्रिय एकता मार्फत नयाँ चीनको निर्माणको आधारशिला स्थापना गरेको सन्दर्भबाट नेपाली नेताहरूले पनि सिक्नुपर्ने तर्क गर्छन् । 'नेपालको आजको प्रमुख खाँचो राष्ट्रिय एकता हो । आफ्नै पार्टीमा एकता नभएका नेताहरूले सिङ्गो राष्ट्रलाई कसरी एकरूप बनाउन सक्छन् ?' उनले प्रश्न गरे, 'पार्टीभित्रकै फरक मतलाई सम्मान गर्न नसक्नेले विविधतापूर्ण देशको नेतृत्व कसरी गर्न सक्छन् ?'

**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# विद्यालय फर्कँदै दलित समुदायका बालबालिका

**सिरहा, भाद्र ११ गते ।**
विद्यालय छाडेका सिरहाको लहान नगरपालिका-१८ का दलित तथा मुसहर समुदायका बालबालिका शैक्षिक सामग्री पाएपछि पुनः विद्यालय फर्केका छन् ।



शैक्षिक सामग्री वितरण र निःशुल्क 'ट्युसन' कक्षा संचालन गरेपछि कक्षा १ देखि ८ सम्मका विद्यालय छाडेका ६० जना बालबालिका विद्यालय फर्किएका हुन् ।

यसैअन्तर्गत बुधवार विसनपुर र शोभापुरका ४९ जना विपन्न बालबालिकालाई विद्यालयप्रति आकर्षित गराउन झोला, कापी, छाता, पानी बोतल, जुत्ता, पोसाक, कलम, पेन्सिल, इरेजरलगायत सामग्री वितरण नगरप्रमुख महेशप्रसाद चौधरीले सामग्री वितरण गरेका हुन् ।

नगरप्रमुख चौधरीले भने, "हामी विद्यालय सुधारमा लागिपरेका छौँ । दलित तथा विपन्न समुदायका बालबालिकाले विद्यालय नछाडुन् भन्ने हेतुले शैक्षिक सामग्री वितरणलाई निरन्तरता दिइरहेका छौँ ।"

उक्त कार्यक्रम रोटरी क्लब काठमाडौँको आर्थिक सहयोगमा र दलित जनकल्याण युवा क्लबको आयोजनामा गरिएको हो । क्लबका कार्यकारी निर्देशक विनोद विसुङ्केले विसनपुर र शोभापुरसहित लहान-१३ स्थित घलेटोलका विद्यालय छाडेका बालबालिकालाई पुनः विद्यालयमा भर्ना गराइएको जानकारी दिए ।

उनले भने, "यो कार्यक्रम लहान नगरपालिकासँगको समन्वयमा अघि बढाइएको हो । हामीले विद्यालयबाट विमुख बालबालिकालाई पुनः शिक्षामा फर्काउन ट्युसन कक्षा, शैक्षिक सामग्री वितरण र अभिभावक सचेतना कार्यक्रम संचालन गर्दै आएका छौँ ।" रासस

# बारामा सतप्रतिशत धान रोपाईं

**कलैया, भाद्र ११ गते ।**
बारा जिल्लामा चालु आर्थिक यस वर्षमा सतप्रतिशत वर्षे रोपाइँ भएको छ । यसवर्ष कूल ४६ हजार २० हेक्टर क्षेत्रफलमा वर्षे धान रोपाइँ गर्ने लक्ष्य लिइएको थियो । पर्याप्त मात्रामा पानी नपर्नु, खडेरी लाग्नुलगायत कारणले रोपाइँ ढिलो भएपनि सतप्रतिशत खेतीयोग्य जमिनमा खेती गरिएको यहाँस्थित कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायण साहले जानकारी दिए ।

उनका अनुसार यस वर्ष जिल्लामा हर्दिनाथ, चैते-१, चैते-२, चैते-४, राधा-४, सोनामन्सुली, राधा-११, राधा-९, राधा-७ लगायत जातका धान रोपिएका छन् ।

पटकपठक परेको वर्षाका कारण धानको रोपोमा सुधार भई खेती सप्रिएकाले उत्पादनमा कमी नहुने केन्द्रका अर्थविज्ञ गणेश महराले विश्वास व्यक्त गरे ।

उनका अनुसार गत आवमा कृषकले कूल ४६ हजार २० हेक्टर क्षेत्रफलमा वर्षे धानखेती गरेकामा छ अर्ब २८ करोड १९ लाख २८ करोड नौ लाख ३२ हजार बराबरको एक लाख ९३ हजार २८४ मेट्रिकटन धान उत्पादन भएको थियो । रासस

# हैजा तथा तथा झाडापखाला संक्रमण रोक्न रेडक्रसको सहयोग

**काठमाडौँ, भाद्र ११ गते ।**
नेपाल रेडक्रस सोसाइटीले वीरगञ्जमा फैलिएको हैजा तथा झाडापखाला संक्रममण रोकथाम तथा नियन्त्रणका लागि प्रतिकार्य सुरूआत गरेको छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) को आपत्कालीन विपद् कोषको आर्थिक एवं प्राविधिक सहयोगमा प्रतिकार्यलाई द्रुत अगाडि बढाइएको हो ।

पर्सा जिल्ला शाखामार्फत प्रभावित समुदायका घरघरमा पुगेर झाडापखाला तथा सम्भावित हैजाबाट बच्ने उपायहरूसहित सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, खानेपानी शुद्धीकरण, हातधुने अभ्यास सहजीकरण र बिरामीलाई स्वास्थ्य केन्द्रसम्म लैजान सहयोग गर्ने उद्देश्यले ३० जना संक्रमण नियन्त्रण स्वयंसेवकहरूलाई अभिमुखिकरण गरी परिचालन गरिएको छ ।

यसका अतिरिक्त स्थानीयस्तरमा समन्वय गरी स्वयंसेवकमार्फत जीवनजल, सरसफाइ सामग्री र खानेपानी शुद्धीकरण गर्ने विधिसहित क्लोरिन उपलब्ध गराएको छ ।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको महामारी तथा रोग

*- बाँकी पृष्ठ ३ मा*

# एक वर्षमा तीन कार्यालय प्रमुखको सरुवा

**जनकपुरधाम, भाद्र ११ गते ।**
नेपाल आयल निगमको महेन्द्रनगर डिपो कार्यालय धनुषामा विगत एक वर्षमा तीनजना कार्यालय प्रमुखको सरुवा भएको छ ।

सो कार्यालयमा मनोजकुमार साह, मनिष न्यौपाने तथा रजीत कापडीको कार्यालय प्रमुख पदमा सरुवा भएको हो । कापडी अहिले विगत दुई महिनादेखि कार्यालयमा कार्यरत छन् ।

सरकारको स्वामित्वमा संचालित सो आयल निगमको ऐन एवं विनियमावलीमा प्रत्येक दुईवर्षमा कार्यालय प्रमुख तथा अधिकृत स्तरका कर्मचारीको सरुवा हुने प्रावधान रहेको छ ।

सरुवाले कार्यालयको काममा प्रभावकारी रूपमा व्यवस्थापन तथा संचालनमा समस्या पर्ने गरेको कर्मचारीहरूको गुनासो छ । वर्तमान कार्यालय प्रमुख कापडीले हाम्रो निगममा प्रत्येक दुई वर्षमा सरुवाको प्रावधान छ तर आवश्यक परेको खण्डमा कुनै बेला सरुवा हुन्छ तथा तोकिएको स्थानमा गएर काम गर्नु परेको बताए ।

उनले भने "आफू पदबहाली भएर आएदेखि नै कार्यालयको कामलाई प्रभावकारी तथा व्यवस्थित बनाउनेतर्फ जोड दिएको छु ।"

सो कार्यालयमा पेट्रोलियम ढुवानीकर्ता, पेट्रोलियम व्यवसायी तथा कर्मचारीबीचको विवादले कार्यालय प्रमुखको सरुवा हुने गरेको बताइको छ ।

सो कार्यालयले निगमको अमलेशगञ्ज डिपोबाट पेट्रोलियम पदार्थ ढुवानी गरेर धनुषा तथा महोत्तरी जिल्लामा रहेका पम्पहरूमा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्दै आएको छ । सो कार्यालयले करिब ८० ट्याकङ्कमार्फत पेट्रोलियम पदार्थ ढुवानी गर्दै आएको प्रमुख कापडीले जानकारी दिए । ट्याकङ्कको ढुवानी खर्च निगमले उपलब्ध गराउने गरेको छ । रासस

# सिरहा-उदयपुर जोड्ने अन्तरप्रदेशीय नयाँ मार्ग खुल्ने

**सिरहा, भाद्र ११ गते ।**
सिरहाको गोलबजारदेखि उदयपुरको कटारी-६ स्थित रिस्कुसम्मको झण्डै २२ किलोमिटर लामो अन्तरप्रदेशीय नयाँ सडक मार्ग खोलिने भएको छ ।



सघन सहरी तथा भवन निर्माण आयोजना, सप्तरीद्वारा निर्माण गरिने यो सडक पूर्व-पश्चिम राजमार्गलाई चुरे क्षेत्र पार गर्दै मदन भण्डारी लोकमार्गमा जोड्नेछ ।

आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा प्रारम्भिक चरणका लागि तीन करोड बजेट विनियोजन गरिएको छ ।

सघन सहरी आयोजनाका इञ्जिनियर उदयनारायण चौधरीले भने, 'सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय मूल्याङ्कन तयार गर्न पाँच सदस्यीय सहयोग समिति गठन भइसकेको छ ।'

नयाँ सडकमार्ग गोलबजारको पुरानो चोहर्वा बजारबाट शुरु भई घुर्मी बजार हुँदै चुरेफेदीका बस्तीहरू पार गर्दै उदयपुरको रिस्कुसम्म पुग्नेछ । निर्माण पूरा भएपछि मदन भण्डारी राजमार्गसम्मको पहुँच सहज हुनेछ ।

अहिले रिस्कुवासीलाई सिरहाको मर्चैया वा सप्तरीको कदमहा बजार हुँदै लामो र घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । यसले उनीहरूको समय, खर्च र ऊर्जा दुवै खर्चिन्थ्यो । नयाँ सडकले दुरी छोटो हुने र बजारसम्म पुग्न सहज हुने भएकाले विशेष गरी चाडपर्वको समय घरायसी सामान तथा लत्ताकपडा किनमेल गर्न गोलबजार जान झञ्झट नहुने उनीहरू बताउँछन् ।

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि पूर्वकानुन मन्त्री तथा प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठ, मधेस प्रदेशसभा सदस्य मनोजकुमार सिंह, गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठ सम्बन्धित वडाध्यक्षहरू तथा आयोजना इञ्जिनियर चौधरीको सहभागितामा अनुगमन र समन्वयको संरचना बनाइएको छ ।

पूर्वमन्त्री श्रेष्ठले समितिलाई एक महिनाभित्र सडकको ट्रेस (मार्ग) निर्धारण गरी प्रतिवेदन पेश गर्न निर्देशन दिए । 'कामको जिम्मेवारी लिनेले निष्क्रिय बस्न मिल्दैन । समयमै काम सम्पन्न गर्नुपर्छ, नभए विगतझैं बजेट फ्रिज भएर जान्छ । त्यसैले, सक्रियताका साथ लाग्न सबैलाई विशेष आग्रह गर्छु', उनले भने । साथै उनले उदयपुरतर्फको कामका लागि जनप्रतिनिधिसँग समन्वय भइरहेको जानकारी दिए ।

सिरहा-उदयपुर जोड्ने यो अन्तरप्रदेशीय सडकमार्गले दुर्गम क्षेत्रलाई सहरी पूर्वाधारसँग जोड्नेछ । आवागमनमा सहजता ल्याउनुका साथै व्यापार, कृषि, पर्यटन र स्थानीय सेवा सुविधामा दीर्घकालीन प्रभाव पार्ने चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रकुमार महतोको भनाइ छ । रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री